# सर्वोच्च अदालत
## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

सर्वोच्च अदालत काठमाडौं

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८, ४-२६२८०१, ४२५८१२२, ४-२६२८९५, ४-२५०३१६ — २६०४, २६०५, २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website: www.supremecourt.gov.np


पत्र संख्या २०७३/०७४
च.नं. ५८८४

मिति २०७४।३।२८

श्री विशेष अदालत, काठमाडौ ।

श्री राजश्व न्यायाधिकरणहरु सबै ।

श्री बैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौ ।

श्री श्रम अदालत, काठमाडौ ।

श्री प्रशासकिय अदालत, काठमाडौ ।

विषय : **आर्थिक वर्ष २०७४।७५ को वार्षिक कार्ययोजना निर्माण सम्वन्धमा ।**

न्यायपालिकाको तेस्रो पञ्चवर्षिय रणनीतिक योजना (२०७१-०७६) आर्थिक वर्ष २०७१/०७२ को शुरु देखि लागू भै योजना कार्यान्वयनको तेस्रो वर्ष समाप्त भइ चौथो वर्षमा प्रवेश गरेको व्यहोरा अवगत नै छ। यसै क्रममा २०७३ पौष महिनालाई आधार मानी मूल योजनाको मध्यावधि मुल्याङ्कनको कार्य सम्पन्न भई मध्यावधि मूल्याङ्कन सहितको योजना कार्यान्वयनमा लैजाने गरी सर्वोच्च अदालत पूर्ण बैठकबाट मिति २०७४।२।१७ गतेमा निर्णय भई कार्यान्वयनको चरणमा रहेको छ । मध्यावधि मुल्याङ्कन प्रतिवेदनले बाँकी अवधिको लागि परिमार्जन गरेका मूल योजनाको लक्ष्य एवं कार्यसम्पादन सूचक सहितको कार्ययोजना तर्जुमा गर्नुपर्ने हुन्छ । प्रस्तुत सन्दर्भमा योजनाले निर्देशित गरे बमोजिम सबै अदालत तथा न्यायाधीकरणले विगत आर्थिक वर्षमा जस्तै आगामी आर्थिक वर्ष २०७४।०७५ को लागि आ-आफ्नो अदालतको वार्षिक कार्य योजना बनाई कार्यान्वयन गर्नुपर्ने भएकोले सो प्रयोजनका लागि तयार गरिएका फारामहरु http://192.168.0.10/web/supappdisyearlycircular मा रहेको छ । फाराममा दिइएका मार्ग निर्देशन बमोजिम उक्त फारामहरुका आधारमा योजनाले लिएका लक्ष्य र कार्यसम्पादनसूचक बमोजिम आ-आफ्नो अदालतको वार्षिक कार्ययोजना तयार गरी २०७४ साल श्रावण १५ गते भित्र यस अदालतको इमेल research@supremecourt.gov.np मा प्राप्त हुने गरी पठाउन अनुरोध गर्ने भनी योजना अनुसन्धान तथा बाह्य सहयोग व्यवस्थापन समितिको मिति २०७४।३।२० गतेको बैठकबाट निर्णय भएको व्यहोरा अनुरोध गर्दछु । साथै सो बमोजिम कार्ययोजना पठाउँदा देहाय बमोजिम गर्नुहुन समेत अनुरोध छ।

<u>**देहाय**</u>

१.माननीय न्यायाधीशज्यूको संयोजकत्वमा सबै तहका कर्मचारीहरुको सहभागितामा बार्षिक कार्ययोजना तर्जुमा समूह गठन गरी गत आर्थिक बर्षको कार्यान्वयन योजनाको समिक्षा र यस आर्थिक बर्षको बार्षिक तथा मासिक लक्ष्य निर्धारण बार्षिक कार्ययोजना तर्जुमा गर्नुहोला ।

२.यस आर्थिक बर्षको बार्षिक कार्ययोजना कार्यान्वयन,अनुगमन र समीक्षा गर्ने इकाइ गठन गर्नुहोला ।

३.बार्षिक कार्ययोजना तर्जुमा गर्दा परिचय खण्ड, समीक्षा खण्ड,बार्षिक लक्ष्य निर्धारण, बार्षिक लक्ष्यका आधारमा मासिक लक्ष्य निर्धारण गर्नुहोला ।

४.लक्ष्य निर्धारण गर्दा अदालत तथा न्यायाधिकरण, शाखागत र फाँटगत लक्ष्य निर्धारण गर्नुहोला ।

# सर्वोच्च अदालत
## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ } २६०४
४-२६२८०१, ४२५८१२२ } २६०५
४-२६२८९५, ४-२५०३१६ } २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np


पत्र संख्या
च.नं.

५.गत आर्थिक बर्षको समीक्षा गर्दा राखिएको अनुमानित लक्ष्य, वास्तविक लक्ष्य र प्रगतिको समीक्षा गरी लक्ष्य पुरा हुन नसकेको अवस्थामा सोको कारणहरु उल्लेख गर्नुहोला ।

६.प्रारम्भिक मस्यौदा तयार गरी सबै कर्मचारीको बीचमा छलफल गराई अन्तिम रुप दिई पूर्ण बैठकबाट पास गराई Soft Copy उल्लेखित ईमेल ठेगानामा र Hard Copy योजना तथा अनुसन्धान महाशाखा सर्वोच्च अदालतमा पठाउनुहोला ।

७.बार्षिक कार्ययोजनाको कार्यान्वयनकोमासिक तथा आवधिक समिक्षा गरी सोकोप्रतिवेदन योजना तथा अनुसन्धान महाशाखा सर्वोच्च अदालतमा उल्लेखित ईमेल मार्फत पठाउनुहोला ।

८.कार्ययोजना तर्जुमा, गत आर्थिक बर्षको समिक्षा र बार्षिक तथा मासिक लक्ष्य निर्धारण गर्दा कुनै द्विविधा परेमा अनुसन्धान तथा योजना महाशाखाको फोन नं. ०१४२५०७४२ मा सम्पर्क गर्नुहोला।

(भद्रकाली पोखरेल)
सह-रजिस्ट्रार